# तपाईंले आफ्नो बच्चालाई विद्यालयमा मद्दत गर्नका लागि के कुरा जान्नुपर्छ

## आमाबुवा, अभिभावक र स्याहारकर्ताहरूका लागि निर्देशिका



तपाईंको परिवार घरबारविहीनताका कारण अस्थायी वा अधूरो जीवनयापनको अवस्थामा हुनुहुन्छ भने, तपाईंको बच्चा निश्चित शैक्षिक अधिकार र सेवाहरूका लागि योग्य हुन सक्नुहुन्छ।

# McKinney-Vento सेवाहरूका लागि योग्यता

तपाईंको परिवार निम्न ठाउँमा बस्नुहुन्छ भने:

- आश्रयमा;
- वैकल्पिक पर्याप्त सुविधाको कमीका कारण मोटेल वा क्याम्पग्राउण्डमा;
- कार, पार्क, खाली भवन वा बस वा रेल स्टेशनमा;
- घरबारविहीनता वा आर्थिक कठिनाइका कारण अन्य मानिसहरूसँग मिलेर बसेमा;

तपाईंको बच्चा McKinney-Vento ऐन भनिने संघीय कानुनमार्फत मद्दत प्राप्त गर्न सक्नुहुन्छ।

# McKinney-Vento अधिकार र सहायताहरू

तपाईंको McKinney-Vento योग्य बालबालिकासँग निम्न कुराहरूको अधिकार हुन्छ



- निःशुल्क, उपयुक्त सार्वजनिक शिक्षा प्राप्त गर्ने।
- सामान्यतया भर्नाका लागि आवश्यक पर्ने कागजातहरूको कमी भए पनि, तुरुन्तै विद्यालयमा भर्ना हुने।
- विद्यालयले आवश्यक कागजातहरू सङ्कलन गर्दा विद्यालमा भर्ना भई कक्षाहरूमा उपस्थित हुने।
- त्यो तपाईंको प्राथमिकता भएमा, स्थानीय विद्यालयमा भर्ना हुने वा मौलिक विद्यालय (उनीहरू स्थायी रूपमा घर हुँदा गएका विद्यालय वा उनीहरू पछिल्लो पटक भर्ना भएका विद्यालय) मा जान जारी राख्ने।

  *स्कूल डिस्ट्रिक्टले तपाईंले चयन गर्नुभएको विद्यालय तपाईंका *बालबालिकाको उत्कृष्ट रुचिमा छैन भनी विश्वास गर्छ भने, डिस्ट्रिक्टले तपाईंलाई यसको स्थितिबारे लिखित स्पष्टीकरण प्रदान गर्नुपर्छ र यसको निर्णय अपील गर्न पाउने तपाईंको अधिकारबारे तपाईंलाई सूचित गर्नुपर्छ।*

- तपाईंले अनुरोध गरेमा, मौलिक विद्यालय जान र फर्कनका लागि यातायात प्राप्त गर्ने।
- तपाईंका बालबालिकाका आवश्यकताहरूअनुसार अन्य विद्यार्थीहरूलाई प्रदान गरिएका सेवाहरू जस्तै शैक्षिक सेवाहरू प्राप्त गर्ने।

# बारम्बार सोधिने प्रश्नहरू

## म सरेपछि, मैले मेरो बच्चालाई त्यही विद्यालयमा राख्नुपर्छ कि स्थानीय विद्यालयमा स्थानान्तर गराउनुपर्छ?

एक विद्यालयबाट अर्को विद्यालयमा सर्नाले बालबालिकाका लागि चिन्ताजनक हुन सक्छ। उनीहरू आफूले चिनेका साथी र शिक्षकहरूलाई छोडेर नयाँ साथी, शिक्षकहरू र कक्षाहरूमा घुलमिल हुनुपर्छ। त्यस कारण, तपाईं छुट्टै क्षेत्रमा बसाई सरेपनि, सामान्यतया तपाईंको बच्चा उसको त्यही विद्यालय (मौलिक विद्यालय) मा रहन उत्कृष्ट हुन्छ।

यहाँ तपाईंको बच्चा त्यही विद्यालयमा रहनुपर्छ वा तपाईं बस्ने स्थानको नयाँ विद्यालयमा सर्नुपर्छ भन्ने कुराको निर्णय गर्नेबारे सोच्नका लागि केही प्रश्नहरू छन्:



- तपाईंको बच्चाको उमेर कति हो?
- तपाईंको हालको बसाई व्यवस्था कत्तिको स्थायी छ? तपाईंले मौलिक विद्यालयको नजिकै फर्कने योजना बनाउनुभएको छ वा तपाईंले आफू आफ्नो हालको बसाई व्यवस्थाको नजिकै बस्नेबारे सोच्नुभएको छ?
- के तपाईंको बच्चा आफ्नो मौलिक विद्यालयमा घुलमिल हुनुभएको छ? आफ्नो मौलिक विद्यालयसँग एकदमै जोडिएको महसुस गर्ने र/वा ग्रेजुएट गर्न लाग्नुभएको ठूलो बच्चालाई विद्यालयहरू परिवर्तन गर्नु पर्दा कठिनाइ हुन सक्छ।
- तपाईं बसाई सरेको कारण तपाईंको बच्चा कत्तिको चिन्तित हुनुहुन्छ? के विद्यालय परिवर्तन गर्नु अपरिहार्य थियो?
- विद्यालय परिवर्तन गर्नाले तपाईंको बच्चा विद्यालयमा पछाडि पर्न र नराम्रो ग्रेड ल्याउन सक्नुहुन्छ?
- के यो तपाईंको बच्चाको लागि विद्यालय परिवर्तन गर्न यस वर्षको राम्रो समय हो, जस्तै सेमेस्टर वा विद्यालय वर्षको अन्त्यमा, परीक्षापछि वा तपाईंको बच्चालाई महत्त्वपूर्ण हुने कार्यक्रमपछि?
- तपाईंको बच्चालाई मौलिक विद्यालयमा जान र फर्कन कति समय लाग्छ? लामो यात्राले तपाईंको बच्चाको विद्यालय कार्यमा नकारात्मक प्रभाव पार्न सक्छ।
- तपाईंको बच्चाले कुन विद्यालय जान छनोट गर्नुहुन्छ भन्नेबारे सोच्नका लागि सुरक्षाका समस्याहरू छन्?

## विद्यालय र म मेरो बच्चा कुन विद्यालय जानुपर्छ भन्नेबारे असहमत भएमा के हुन्छ?

तपाईं र विद्यालय असहमत हुनुहुन्छ भने, स्कूल डिस्ट्रिक्टले किन तपाईंको बच्चा तपाईंले चाहेको विद्यालयभन्दा छुट्टै विद्यालयमा जानुपर्छ भन्नेबारे सोचेर लिखित रूपमा तपाईंलाई बताउँछ। डिस्ट्रिक्टले तपाईं कसरी यो निर्णय अपील गर्न सक्नुहुन्छ भन्नेबारे पनि लिखित रूपमा तपाईंलाई बताउँछ। असहमति समाधान भइरहेको बेलामा तपाईंलाई आफ्नो बच्चाको लागि उत्कृष्ट लाग्ने विद्यालयमा पूर्ण रूपमा भर्ना गर्न, उपस्थित हुन र सहभागी हुन सक्नुहुन्छ।

## मैले मेरो बच्चाको शिक्षामा मद्दत गर्न कसलाई सम्पर्क गर्न सक्छु?



- प्रत्येक स्कूल डिस्ट्रिक्टमा **स्थानीय घरबारविहीन शिक्षा सम्पर्क छ।** सो व्यक्तिले तपाईंको बच्चाको लागि कुन विद्यालय उत्कृष्ट हुन्छ भनी निर्णय गर्न र विद्यालयसँग सञ्चार गर्नमा तपाईंलाई मद्दत गर्न सक्नुहुन्छ। स्थानीय सम्पर्कले तपाईंको बच्चालाई विद्यालय आपूर्तिहरू, पूरक सेवाहरू र निःशुल्क विद्यालयका खानाहरू प्राप्त गर्न, मौलिक विद्यालयमा जाने र फर्कने यातायात निर्धारण गर्न र तपाईंलाई सामुदायिक सहायताहरू फेला पार्नमा पनि मद्दत गर्न सक्छ।
- तपाईंले आफ्नो बच्चालाई नयाँ विद्यालयमा भर्ना गर्दा, तपाईंले उहाँको **शिक्षक(हरू)** लाई भेट्न अनुरोध गर्नुपर्छ। तपाईंको बच्चाले कस्तो गर्दै हुनुहुन्छ भन्ने बारेमा कुरा गर्नका लागि तपाईंले प्रायजसो आफ्नो बच्चाको शिक्षक(हरू) सँग पनि कुरा गर्नुपर्छ। तपाईंको बच्चाको विद्यालयको कार्यबारे प्रश्नहरू सोध्न र तपाईंको बच्चालाई सिक्नको लागि मद्दत गर्ने जानकारी दिन तपाईंको बच्चाको विद्यालयको कम्तीमा एकजना शिक्षकलाई चिने हुन्छ।
- **विद्यालय परामर्शदाताले** तपाईंको बच्चालाई परिवर्तन र चुनौतीहरूको सामना गर्न मद्दत गर्न सक्नुहुन्छ। सो व्यक्तिसँग तपाईंको बच्चाले घरमा कस्तो कार्य गर्नुभएको छ भन्नेबारे वा उहाँले सामना गरिरहनुभएका कुराहरूबारे कुनै पनि जानकारी साझा गर्नुहोस्।
- चिन्नुपर्ने अन्य राम्रा व्यक्तिहरू **विद्यालयको प्रधानाध्यापक,** , **उपस्थिति अधिकारी,** , **बस चालक**, **विद्यालयको सामाजिक कार्यकर्ता** र **विद्यालय नर्स** हुन्।
- **सबै विद्यालय र स्कूल डिस्ट्रिक्ट कर्मचारीले** तपाईंको बच्चाले विद्यालयमा राम्रो गर्नका लागि उहाँलाई आवश्यक पर्ने सबै सेवाहरू प्राप्त गर्नुभएको छ भनी सुनिश्चित गर्न मद्दत गर्न सक्नुहुन्छ। तपाईं आफ्नो बच्चाको शिक्षामा महत्वपूर्ण साझेदार हुनुहुन्छ र विद्यालय र स्कूल डिस्ट्रिक्टसँग टोलीको रूपमा काम गर्नुपर्छ।

## मैले McKinney-Vento ऐन अन्तर्गतका सेवाहरूबारे के-कस्ता प्रश्नहरू सोध्नुपर्छ?

- स्थानीय घरबारविहीन शिक्षा सम्पर्क को हुनुहुन्छ? मैले उहाँलाई कसरी सम्पर्क गर्न सक्छु?
- मेरो बच्चालाई समान विद्यालय (मौलिक विद्यालय) मा रहनका लागि कुन यातायात उपलब्ध छ?
- मेरो बच्चाले विद्यालय परिवर्तन गर्नुहुन्छ भने, कसले हामीलाई रेकर्डहरू द्रुत रूपमा नयाँ विद्यालयमा स्थानान्तरण गराउन मद्दत गर्न सक्नुहुन्छ?
- मेरो बच्चाले कसरी विद्यालयमा निःशुल्क खानाहरू प्राप्त गर्न सक्नुहुन्छ?
- आवश्यक भएमा, मेरो बच्चाले कसरी निःशुल्क विद्यालय आपूर्तिहरू प्राप्त गर्न सक्नुहुन्छ?
- मेरो बच्चालाई विशेष शिक्षा सेवाहरू आवश्यक भएमा कसले मद्दत गर्न सक्छ? यी सेवाहरू कत्तिको द्रुत रूपमा सेट गर्न सकिन्छ?
- मेरो बच्चालाई कस्तो शैक्षिक सहायता उपलब्ध छ, जस्तै शीर्षक I कार्यक्रमहरू वा विद्यालयपछिको शिक्षण?
- कस्ता कार्यक्रमहरूले मेरो बच्चाका क्षमताहरूको विकास गर्न र उहाँका अद्वितीय आवश्यकताहरू सम्बोधन गर्नमा मद्दत गर्न सक्छन्?
- मेरो बच्चाको लागि खेलकुद, संगीत वा अन्य क्रियाकलापहरू उपलब्ध छन्?





- मैले मेरो बच्चाको भर्ना शुल्क तिर्न नसकेमा उहाँ कसरी कक्षाका फिल्ड ट्रिप भ्रमणहरूमा जान वा तपाईंले आफू आफ्नो हालको विद्यालयका अन्य क्रियाकलापहरूमा सहभागी हुन सक्नुहुन्छ?
- के मेरो सानो बच्चाको लागि प्रिस्कूल कार्यक्रम छ?

## मैले मेरो बच्चालाई विद्यालयमा मद्दत गर्नका लागि के गर्न सक्छु?



- तपाईंको बच्चा हरेक दिन विद्यालय जानुहुन्छ र विश्राम गरेर र खाना खाएर आउनुहुन्छ भन्ने कुरा सुनिश्चित गर्नुहोस्।
- आफ्नो बच्चाको लागि गृहकार्य गराउन शान्त ठाउँ उपलब्ध गराउनुहोस् र आफ्नो बच्चालाई गृहकार्यमा मद्दत गर्नका लागि हरेक दिन छुट्टै समय सेट गर्नुहोस्।
- आफ्नो बच्चाको स्वास्थ्यका आवश्यकताहरूमा ध्यान दिनुहोस् र प्रारम्भमा नै कुनै पनि समस्या समाधान गर्नुहोस्।
- आफ्नो बच्चालाई उहाँले विद्यालयमा के कुरा सिक्दै हुनुहुन्छ भनी सोध्नुहोस्। उहाँलाई यसको बारेमा तपाईंलाई व्याख्या गरेर बताउन लगाउनुहोस्। तपाईंको आफ्नो बच्चाको शिक्षामा रुचि देखाउनुभयो भने, उहाँलाई यो महत्त्वपूर्ण छ भनी थाहा हुने छ।
- आफ्नो बच्चालाई हरेक दिन पढेर सुनाउनुहोस्। ठूला बालबालिका लागि, तपाईं र तपाईंको बच्चाको लागि हरेक दिन एकसाथ विस्तारै पढ्नका लागि छुट्टै समय सेट गर्नुहोस्। तपाईं पढ्नुभएको कुराको बारेमा कुरा गर्नुहोस्।
- उहाँले राम्रो ग्रेड ल्याउने वा विद्यालयको खेलकुद टोलीमा खेल्ने जस्ता कुन कुरामा राम्रो गर्नुहुन्छ त्यस कुराको लागि आफ्नो बच्चाको प्रशंसा गर्नुहोस्।

### राम्रो प्रश्नहरूले राम्रो पाठक बनाउँछ

बालबालिकाले पढ्ने कुरा बारे उनीहरूलाई सोध्नाले उनीहरूलाई राम्रो विचारक बनाउनमा मद्दत मिल्छ।

**कथाहरू (उपन्यासी) का लागि:**
- के भयो? तपाईंलाई अब के हुने छ जस्तो लाग्छ? किन?
- मुख्य पात्र को हुनुहुन्छ? तपाईंलाई उहाँ मन पर्छ? किन? उहाँले गर्नुभएको कुरा तपाईंले गर्नुहुनेथ्यो? होइन भने, तपाईंले गर्नुहुनेथ्यो?
- यो कथाले तपाईंलाई कस्तो महसुस गरायो?

**जानकारीमूलक सामग्रीका लागि (गैर-काल्पनिक):**
- लेख वा च्याप्टर के कुराको बारेमा थियो? सम्भव भएसम्म धैरै विवरणहरूका लागि अनुरोध गर्नुहोस्।
- तपाईंलाई लेखको मुख्य कुरा के थियो जस्तो लाग्छ?
- तपाईंलाई कुन भाग एकदमै रोचक लाग्यो?
- तपाईंलाई यो जानकारी महत्त्वपूर्ण छ जस्तो किन लाग्छ?

- तपाईंको बच्चाले तपाईंसँग साझा गरेका कुराहरू सुन्नुहोस् र उहाँलाई भइरहेको कुनै पनि समस्याको बारेमा कुराकानी गर्नुहोस्। तपाईं यी समस्याहरूका बारेमा शिक्षक वा विद्यालय परामर्शदातासँग पनि कुराकानी गर्न सक्नुहुन्छ।
- आफ्नो बच्चालाई खेलकुदहरू र संगीत जस्ता कुराहरूमा सहभागी हुन प्रोत्साहन गर्नुहोस्।

## NCHE बाट प्राप्त संसाधनहरू

### टोल-फ्री हेल्पलाइन: 800-308-2145 वा homeless@serve.org

National Center for Homeless Education (NCHE) ले तपाईंको बच्चाको विद्यालय अधिकारहरूका बारेमा व्यख्या गर्न र तपाईंलाई तपाईंको स्कूल डिस्ट्रिक्टमा भएका स्थानीय सम्पर्कमा कसरी सम्पर्क गर्ने भनी बताउन सक्छ। स्थानीय सम्पर्कले तपाईंको बच्चालाई विद्यालयमा नामाङ्कन गर्न र तपाईंको बच्चालाई आवश्यक भएको मद्दत उहाँले प्राप्त गर्नुहुन्छ भनी सुनिश्चित गर्न मद्दत गर्न सक्छ।

### वेबसाइट: http://nche.ed.gov

- आफ्नो बच्चालाई विद्यालयमा मद्दत गर्न चाहने आमाबुवाहरूका लागि वेबपृष्ठ लगायत NCHE वेबसाइटमा थुप्रै राम्रा जानकारी छन्:https://nche.ed.gov/ibt/parent_res.php।

### आमाबुवाका प्याक पकेट प्रश्नहरू

- आमाबुवा प्याक पकेट फोल्डरहरू तपाईंले महत्त्वपूर्ण रेकर्डहरू र तपाईंको बच्चाको स्कूलिङसँग सम्बन्धित कागजातहरू राख्न सक्ने फोल्डरहरू हुन्। फोल्डरले घरबारविहीन अवस्थाहरूमा बालबालिकाको शैक्षिक अधिकारहरूका बारेमा पनि व्याख्या गर्छ।
- 800-308-2145 मा कल गरेर वा https://nche.ed.gov/online_order.php मा भिजिट गरेर यी फोल्डरहरू अर्डर गर्नुहोस्।

## स्थानीय सम्पर्क

## घरबारविहीन शिक्षाका लागि राज्य समन्वयक

यो कागजात घरबारविहीन शिक्षाको लागि राष्ट्रिय केन्द्रको भाषा र सामग्रीहरू प्रयोग गरेर सार्वजनिक शिक्षण सुपरिवेक्षकको कार्यालयले उत्पादन गरेको थियो। यो कागजात Creative Commons CC-BY अन्तर्गत संरक्षित छ। थप जानकारीका लागि, k12.wa.us मा भिजिट गर्नुहोस्।

Washington Office of Superintendent of
PUBLIC INSTRUCTION

Nepali